


निम्न संस्थाहरुद्वारा संयुक्त रुपमा प्रकाशित :
विश्व खाद्य कार्यक्रम– खाद्य सुरक्षा अनुगमन तथा विश्लेषण प्रणाली
कृषि विभाग, कृषि व्यवसाय प्रवर्धन तथा बजार विकास
नेपाल उद्योग वाणिज्य महासंघ –कृषि उद्यम केन्द्र
उपभोक्ता हित संरक्षण मञ्च

## प्रमूख बुँदाहरु

- ***राष्ट्रिय रुपमा भएको खाद्यान्न मूल्य स्फीती उल्लेख्य चासोको विषय रहेको छ । गत महिना मोटा चामल र गहुँ लगायतका मुख्य खाद्य बस्तुहरुको मूल्यमा बृद्धि भयो । नेपाल राष्ट बैंक द्वारा २०६७ जेठमा उपलब्ध गराईएको तथ्याङ्क अनुसार मुख्य खाद्य बस्तुहरुको वार्षिक मूल्य बृद्धि दर १४ प्रतिशत भन्दा बढी छ ।***
- ***हालैका हप्ताहरुमा भारी मनसुनी वर्षाले ल्याएको पहिरोका कारण पहाडी तथा हिमाली जिल्लाहरु सम्म पुग्ने मुख्य आपूर्तिका सडकहरु अवरुद्ध भएका छन् । कर्णाली राजमार्ग, कालीकोट सम्म मात्र सुचारु अवस्थामा रहेको छ जसले गर्दा श्रावण महिनाको अन्तिम तिर आएर जुम्ला जिल्लामा खाद्य बस्तुहरुको मूल्यमा १५-२० प्रतिशत सम्म बृद्धि भएको छ । यस्तै खोटाङ, संखुवासभा, ओखलढुङ्गा, भोजपुर र ताप्लेजुङमा पनि पहिरोका कारण सडकहरु अवरुद्ध भएका छन् ।***

## राष्ट्रिय रुपमा बजारको अवस्था

### मूल्य

असार महिनामा नेपालभर मुख्य खाद्य बस्तुहरुको औसत मुल्यमा बृद्धि भयो । विश्व खाद्य कार्यक्रम र कृषि तथा सहकारी मन्त्रालयद्वारा नियमित रुपमा अनुगमन गरिने बजारहरुमा असार महिनामा राष्ट्रिय स्तरमा मोटा चामलको औसत मूल्य रु. ३४ प्रति किलो, गहुँको औसत मूल्य रु. ३५ प्रति किलो, मुसुरोको मूल्य रु. १०९ प्रति किलो भएको पाइयो, तुलनात्मक रुपमा अघिल्लो महिना उक्त खाद्य बस्तुहरुको भाउ क्रमश मोटा चामलको रु. ३३, गहुँको रु. ३४ र मुसुरोको रु. १०५ थियो । आलुको औसत मुल्य भने रु. २२ मा कायमै रहेको थियो । मूल्य बृद्धिले विशेषत: सडक मार्गहरु अवरुद्ध भई आपूर्तिमा बाधा पर्न गएको तथ्य (आपूर्ति स्तम्भमा हेर्नुहोला) साथै भारतीय नाका मार्फत हुने व्यापारिक कारोवारमा गरिएको कडाईको अवस्थालाई (तलको बुँदामा हेर्नुहोला) प्रतिबिम्बित गर्दछ ।

गत महिनाको तुलनामा मुख्य उपभोक्ता बजारमा चामलको मूल्य लगभग रु ५ ले बढेको छ । यो भारतले, नेपाल तर्फ निर्यात हुने नाकामा कडाई गरेका कारण भएको हुनसक्ने अनुमान छ (भारतले मुख्य अन्नहरु मोटा चामल र गहुँको निर्यातमा प्रतिबन्ध लगाएको छ) । मूल्यमा भएको उल्लेख्य बृद्धि उपभोक्ता वर्ग साथै सरकारको लागि मुख्य चासोको विषय बनेको छ । नेपाल सरकारले भारतबाट विशेष सम्फौता अन्तर्गत २५,००० मे. ट. चामल आयात गर्नका लागि प्रयास अघि बढाएको छ ।

उपभोक्ता मूल्य सुचकाङ्कको मापन अनुसार खाद्य बस्तुहरुको वर्षेनी हुने मुल्य बृद्धि जेठ महिनामा ११.३ प्रतिशतमा घटेको थियो जुन गत वर्ष यसै समयको १९ प्रतिशत को तुलनामा भने कम हो । मूल्य स्फीतीमा हल्का कमि आउनुको मुख्य कारणमा यसपटकको हिउँदे बाली उत्पादन गत वर्ष भन्दा राम्रो हुनु नै हो । यद्यपि वर्षेनी हुने खाद्यान्न मूल्य बृद्धि १० प्रतिशत भन्दा माथि कायम रहनु मुख्य चिन्ताको विषय रहेको छ र विशेष गरी अन्न तथा गेडागुडी जस्ता मुख्य खाद्य बस्तुहरुको मुल्य बृद्धि एकदमै उच्च (१४.१ प्रतिशत) रहेको छ ।

### आपूर्ति

भारी मनसुनी वर्षाले ल्याएको पहिरोका कारण धेरै पहाडी तथा हिमाली जिल्लाहरुसम्म पुग्ने मुख्य आपूर्तिका सडकमार्गहरु अवरुद्ध भएका छन् र मध्य तथा सुदूर पश्चिमी क्षेत्रहरु यसको बढी मारमा परेका छन् । कर्णाली क्षेत्रमा सेवा पुऱ्याउने, जुम्ला सम्म पुग्ने एक मात्र मुख्य सडक, कर्णाली राजमार्ग श्रावणको सुरुवात तिर नै अवरुद्ध भयो । हाल सो सडक दैलेख र कालीकोट जिल्लाको नाकामा पर्ने खिड्कीज्यूला बजार क्षेत्रसम्म मात्र सुचारु छ । खोटाङ, संखुवासभा, ओखलढुङ्गा र भोजपुरमा पनि सडकहरु अवरुद्ध भएका छन् । श्रावणको अन्तिम तिर आएर जुम्लामा मुख्य खाद्य बस्तुहरुको मूल्यमा १५-२० प्रतिशत सम्म बृद्धि भएको छ ।

नेपालको यातायात क्षेत्रमा सिन्डिकेट प्रणाली पुन: सुरु भएको छ र यसले ढुवानी खर्चमा पार्ने प्रभाव भने हेर्न बाँकी नै छ । पछिल्लो पटक डिजेलको मूल्यमा बृद्धि (रु. ३) भए पश्चात हाल सम्म ढुवानी मूल्यमा उल्लेख्य बृद्धि भएको छैन । यद्यपि, ईन्धनको मूल्यमा भएको बृद्धिले ढुवानी खर्चको मूल्यमा पनि बृद्धि गराउने अनुमान छ र यसले वर्षाको कारणले पहिले नै बृद्धि भएको खाद्यान्न मूल्यलाई अफ्र चर्काउने अनुमान छ ।

### पुर्वानुमान


वर्षे बालीहरु मकै (भादमा) र धान (कार्तिकमा) नभित्र्याएसम्म खाद्य बस्तुहरुको मूल्य निरन्तर रुपमा बृद्धि भइरहने अनुमान छ । प्रायजसो स्थानहरुमा बाली उत्पादन सामान्य हुने अनुमान छ ।

आउँदा महिनाहरुमा दालको मूल्यमा कमि आउने अनुमान छ, विशेष गरी भारतमा प्रचूर मात्रामा दालको उत्पादन भएको र भारतका केही बजारहरुमा यसको मूल्य ४४ प्रतिशत सम्म घटेकाले यस्तो भएको हो । सन् २०१० को वर्षमा अन्तराष्ट्रिय स्तरमा अन्नहरुको मूल्यमा उल्लेख्य बृद्धि भएको छ र नेपालमा यसको प्रभाव आउँदा महिनाहरुमा नजिकबाट अनुगमन गरिने छ ।


### उल्लेख्य मूल्य परिवर्तन (असार महिना)

| जिल्ला/ खाद्यवस्तु | हालको मूल्य (ने रु/केजि ने रु/लि.) | % परिवर्तन १ महिना | अवलोकन |
|---|---|---|---|
| **मुख्य खाद्यवस्तुहरुको मूल्यमा भएको अत्यधिक बृद्धि** | | | |
| **बाजुरा** चामल | रु. ५०/केजि | ४७ % | पहिरोका कारण आपूर्मिा वाधा |
| **मुख्य खाद्यवस्तुहरुको मूल्यमा भएको अत्यधिक कमी** | | | |
| **कुखुराको मासु** काठमाडौ कास्की | रु. १७५/केजि<br>रु. ३२०/केजि | -४ %<br>-११ % सम्म | असार महिनामा कम माग हुनाका कारण मूल्य घटेको |

**१२ महिनाको औसत मूल्य ***




**मूल्यमा परिवर्तन (१ महिना र १ वर्ष) ****




नेपालको खाद्य सुरक्षा सम्बन्धि ताजा जानकारीकालागि खाद्य सुरक्षा अनुगमन तथा विश्लेषण प्रणाली (NeKSAP) गुगल ग्रुपको विद्युतिय ठेगाना
http://groups.google.com/group/NeKSAP?hl=er मा हेर्न सकिनेछ ।

† मूल्यहरु असार महिनाको मूल्य संग सम्बन्धित छ ।
* मूल्यहरु यस प्रतिवेदनको पछाडी पट्टी दिईएको बजारहरुबाट लिइएको हो । तर सडक नपुगेका हिमाली तथा पहाडी बजारहरु यसमा समावेश छैनन् ।
** मूल्य परिवर्तन यस प्रतिवेदनमा भएका सम्पूर्ण बजारहरुसंग सम्बन्धित छन् ।



नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली
Nepal Khadhya Surakshya Anugaman Pranali (NeKSAP)
Nepal Food Security Monitoring System

# बजार अवलोकन-२५ *विभिन्न बजारहरुमा प्रमुख खाद्य बस्तुहरुको खुद्रा मूल्य*

नेपालको खाद्य सुरक्षा सम्बन्धि ताजा जानकारीकालागि खाद्य सुरक्षा अनुगमन तथा विश्लेषण प्रणाली (NeKSAP) गुगल ग्रुपको विद्युतय ठेगाना http://groups.google.com/group/NeKSAP?hl=er मा हेर्न सकिनेछ ।

| बजार | मूख्य खाद्यवस्तुहरु | हालको मूल्य (नेरु/केजि नेरु/लि.) | मूल्यमा परिवर्तन (%)* १ महिना | ३ महिना | १ वर्ष | औसत मासिक परिवर्तन १म | ३म | १वर्ष |
|---|---|---|---|---|---|---|---|---|
| **मूख्य उपभोक्ता बजार** | | | | | | | | |
| काठमाडौं | मोटा चामल | ३५.० | २.९ | ९.५ | -५.४ | ▼ | ▶ | ▼ |
| | गहुँको पिठो | ३४.० | ०.० | ९.७ | २५.९ | ▶ | ▶ | ▶ |
| | भटमासकोतेल | ९५.० | ५.६ | ५.६ | ९.२ | ▲ | ▲ | ▲ |
| | कुखुराको मासु | १७५.० | -४.४ | -३५.२ | -२७.१ | ▼ | ▼ | ▶ |
| | तोरीको तेल | १२०.० | २०.० | २०.० | ६.२ | ▲ | ▲ | ▲ |
| | मास | ११५.० | ४.५ | -४.२ | ३६.९ | ▼ | ▼ | ▶ |
| | मूसूरो | १०२.० | २.० | २.० | ५.२ | ▲ | ▶ | ▶ |
| | रातो आलु | ३०.० | ०.० | ६६.७ | -९.१ | ▲ | ▲ | ▶ |
| पोखरा | मोटा चामल | ४०.० | ५.३ | १४.३ | ११.१ | ▶ | ▶ | ▶ |
| | गहुँको पिठो | ३४.० | -२.९ | ०.० | २१.४ | ▶ | ▶ | ▲ |
| | भटमासकोतेल | १०५.० | ०.० | -४.५ | -१६.० | ▼ | ▶ | ▼ |
| | कुखुराको मासु | ३२०.० | -११.१ | -८.६ | १४.३ | ▶ | ▲ | ▲ |
| | तोरीको तेल | १३५.० | -३.६ | ०.० | -३.६ | ▶ | ▶ | ▶ |
| | मास | १३०.० | ४.० | ४.० | ४४.४ | ▶ | ▶ | ▲ |
| | मूसूरो | १०५.० | ०.० | ०.० | ५.० | ▶ | ▶ | ▶ |
| | रातो आलु | २५.० | -१६.७ | ७८.६ | -३०.६ | ▲ | ▲ | ▶ |
| **क्षेत्रीय तराई बजार** | | | | | | | | |
| बिराटनगर | मोटा चामल | ३२.० | १४.३ | २०.८ | ३३.३ | ▲ | ▲ | ▲ |
| | गहुँको पिठो | २९.० | ३.६ | ०.० | ३१.८ | ▶ | ▶ | ▶ |
| | भटमासकोतेल | ९०.० | -५.३ | ०.० | ०.० | ▶ | ▶ | ▶ |
| | कुखुराको मासु | २४८.० | ०.० | -१७.३ | ३.३ | ▼ | ▶ | ▼ |
| | तोरीको तेल | ११५.० | -२.५ | ०.० | -४.२ | ▶ | ▶ | ▶ |
| | मास | ९८.० | ७.० | ८.९ | ४४.१ | ▶ | ▼ | ▶ |
| | मूसूरो | ८८.० | -२.२ | -५.४ | -८.३ | ▶ | ▶ | ▶ |
| | रातो आलु | २५.० | ३८.९ | १२७.३ | -२६.९ | ▲ | ▲ | ▲ |
| बिरगंज | मोटा चामल | ३४.० | ०.० | १८.९ | - | ▶ | ▶ | ▶ |
| | गहुँको पिठो | ३६.६ | ३८.६ | ३८.६ | ५०.० | ▶ | ▶ | ▶ |
| | भटमासकोतेल | १७४.० | ७४.० | ७५.४ | ९३.३ | ▶ | ▶ | ▶ |
| | कुखुराको मासु | २४०.० | ०.० | -७.७ | ९.१ | ▼ | ▶ | ▼ |
| | तोरीको तेल | १२०.० | ०.० | ०.० | १२.१ | ▶ | ▶ | ▶ |
| | मास | १००.० | ०.० | ३५.१ | ३३.७ | ▲ | ▲ | ▲ |
| | मूसूरो | १०५.० | ५.० | ६.३ | १०.५ | ▶ | ▶ | ▶ |
| | रातो आलु | २०.० | ११.१ | ६६.७ | -२३.१ | ▲ | ▲ | ▲ |
| नेपालगंज | मोटा चामल | २८.५ | ०.० | -१.७ | ५.० | ▶ | ▶ | ▶ |
| | गहुँको पिठो | २८.३ | ०.० | १५.३ | २३.४ | ▲ | ▲ | ▲ |
| | भटमासकोतेल | ९०.० | ०.० | -५.३ | -१८.२ | ▼ | ▶ | ▼ |
| | कुखुराको मासु | २२०.० | ०.० | -२.२ | २.३ | ▶ | ▶ | ▶ |
| | तोरीको तेल | ११५.० | ०.० | ४.५ | -११.५ | ▶ | ▲ | ▶ |
| | मास | ८७.० | ०.० | -११.२ | ४.२ | ▼ | ▼ | ▼ |
| | मूसूरो | ८५.० | ०.० | -१४.१ | -९.४ | ▼ | ▼ | ▼ |
| | रातो आलु | १३.० | ०.० | -३५.० | -५१.९ | ▼ | ▼ | ▼ |
| धनगढी | मोटा चामल | ३०.० | ७.१ | ११.१ | ७.१ | ▶ | ▶ | ▶ |
| | गहुँको पिठो | २६.० | ४.० | -७.१ | १८.२ | ▲ | ▲ | ▲ |
| | भटमासकोतेल | १००.० | ६.४ | २५.० | ११.१ | ▶ | ▲ | ▶ |
| | कुखुराको मासु | २५०.० | ०.० | -१६.७ | २५.० | ▼ | ▲ | ▼ |
| | तोरीको तेल | १२०.० | ०.० | ०.० | २०.० | ▶ | ▶ | ▶ |
| | मास | १४५.० | ३.६ | ७.४ | ६१.१ | ▶ | ▶ | ▶ |
| | मूसूरो | १३०.० | ३०.० | ६२.५ | ३८.३ | ▲ | ▲ | ▲ |
| | रातो आलु | १६.० | ६.७ | ६०.० | -५४.३ | ▲ | ▲ | ▲ |

▲ सामान्य मूल्य परिवर्तन भन्दा मूल्य बढेको

▶ सामान्य मूल्य परिवर्तन

▼ सामान्य मूल्य परिवर्तन भन्दा मूल्य घटेको

यदि मूल्य परिवर्तन १ महिनामा ५% सम्म, ३ महिनामा १० % सम्म अथवा १ वर्षमा १५ % सम्म भएमा त्यसलाई सामान्य मानिन्छ ।

*यो नेपाल खाद्य संस्थान द्वारा वितरीत चामलको मूल्य हो किनभने त्यहाँ अन्य कुनै खाद्यान्न संचिती छैन ।

| बजार | मूख्य खाद्यवस्तुहरु | हालको मूल्य (नेरु/केजि नेरु/लि.) | मूल्यमा परिवर्तन (%)* १ महिना | ३ महिना | १ वर्ष | औसत मासिक परिवर्तन १म | ३म | १वर्ष |
|---|---|---|---|---|---|---|---|---|
| भैरहवा | मोटा चामल | २८.० | -३.४ | १६.७ | ०.० | ▶ | ▲ | ▶ |
| | गहुँको पिठो | २५.० | ४.२ | -३.८ | १३.६ | ▶ | ▶ | ▶ |
| | भटमासकोतेल | ९५.० | ५.६ | ९.२ | ०.० | ▲ | ▶ | ▶ |
| | कुखुराको मासु | २००.० | ०.० | ०.० | ०.० | ▶ | ▶ | ▶ |
| | तोरीको तेल | १५०.० | ०.० | ०.० | ३६.४ | ▶ | ▶ | ▲ |
| | मास | ११०.० | ०.० | -९.८ | ४.८ | ▶ | ▶ | ▶ |
| | मूसूरो | ११५.० | ४.५ | -२.५ | १७.३ | ▶ | ▶ | ▲ |
| | रातो आलु | १५.० | ०.० | २५.० | -४०.० | ▶ | ▲ | ▼ |
| **सडकको पहुंच भएका हिमाली तथा पहाडी बजारहरु** | | | | | | | | |
| धनकुटा | मोटा चामल | ३३.० | ३.१ | २६.९ | ३२.० | ▶ | ▲ | ▲ |
| | गहुँको पिठो | ३३.० | ०.० | ३.१ | १३.८ | ▶ | ▶ | ▶ |
| | भटमासकोतेल | १००.० | ०.० | ०.० | -९.१ | ▶ | ▶ | ▶ |
| | कुखुराको मासु | ३३०.० | ३.१ | -५.७ | १०.० | ▶ | ▶ | ▶ |
| | मास | १०५.० | ५.० | ५.० | २३.५ | ▶ | ▶ | ▲ |
| | मूसूरो | १०१.० | १.० | १.० | १.० | ▶ | ▶ | ▶ |
| | रातो आलु | २७.० | ३५.० | -३.६ | -१०.० | ▲ | ▶ | ▶ |
| रोल्पा | मोटा चामल | ४०.० | ०.० | १४.३ | ४२.९ | ▶ | ▲ | ▲ |
| | गहुँको पिठो | ५०.० | ०.० | २५.० | ५१.५ | ▶ | ▲ | ▲ |
| | भटमासकोतेल | १२०.० | ०.० | ९.१ | -११.१ | ▶ | ▶ | ▶ |
| | कुखुराको मासु | २७०.० | ०.० | -२५.० | ८.० | ▶ | ▼ | ▶ |
| | मास | १२०.० | ०.० | ०.० | ३०.४ | ▶ | ▶ | ▲ |
| | मूसूरो | ११५.० | ०.० | -४.२ | १५.० | ▶ | ▶ | ▶ |
| | रातो आलु | ३०.० | ०.० | ०.० | ०.० | ▶ | ▶ | ▶ |
| सांफेबगर | मोटा चामल | ३०.० | ०.० | - | ७.१ | ▶ | - | ▶ |
| | गहुँको पिठो | ३२.० | ०.० | - | ६.७ | ▶ | - | ▶ |
| | भटमासकोतेल | - | - | - | | - | - | - |
| | कुखुराको मासु | ३००.० | ०.० | - | २०.० | ▶ | - | ▲ |
| | मास | १२०.० | ०.० | - | ३३.३ | ▶ | - | ▲ |
| | मूसूरो | १२०.० | ०.० | - | २०.० | ▶ | - | ▲ |
| | रातो आलु | ३०.० | ०.० | - | -२५.० | ▶ | - | ▼ |
| जुम्ला | मोटा चामल | ४५.० | -१०.० | -१०.० | ०.० | ▼ | ▶ | ▶ |
| | गहुँको पिठो | ६०.० | ०.० | ०.० | ०.० | ▶ | ▶ | ▶ |
| | भटमासकोतेल | १४०.० | १६.७ | १६.७ | -६.७ | ▲ | ▲ | ▶ |
| | कुखुराको मासु | ३२०.० | ६.७ | ६.७ | १४.३ | ▲ | ▶ | ▶ |
| | मास | ११०.० | ०.० | ०.० | ५७.१ | ▶ | ▶ | ▲ |
| | मूसूरो | १३०.० | ०.० | ०.० | ६२.५ | ▶ | ▶ | ▲ |
| | रातो आलु | १२.० | -५२.० | -४०.० | -७०.० | ▼ | ▼ | ▼ |
| **सडकको पहुंच नभएका हिमाली तथा पहाडी बजारहरु** | | | | | | | | |
| हुम्ला | मोटा चामल * | ३९.० | ०.० | २.६ | - | ▶ | ▶ | - |
| | गहुँको पिठो | २००.० | -१६.७ | -९.१ | - | ▼ | ▶ | - |
| | भटमासकोतेल | ३००.० | ०.० | ०.० | - | ▶ | ▶ | - |
| | सिमी | १००.० | ५.२६ | ०.० | - | ▲ | ▶ | - |
| | मुसुरो | - | - | - | - | - | - | - |
| | रातो आलु | ३५.० | ०.० | -२२.२ | - | ▶ | ▼ | - |
| डोल्पा | मोटा चामल | ९०.० | ०.० | ०.० | - | ▶ | ▶ | - |
| | गहुँको पिठो | ११०.० | ०.० | ४.८ | - | ▶ | ▶ | - |
| | भटमासकोतेल | २००.० | ०.० | ०.० | - | ▶ | ▶ | - |
| | सिमी | १५०.० | ०.० | ०.० | - | ▶ | ▶ | - |
| | मास | १३०.० | -२३.५ | -२३.५ | - | ▼ | ▼ | - |
| | मूसूरो | २००.० | ०.० | ०.० | - | ▶ | ▶ | - |
| | रातो आलु | ५०.० | ०.० | ०.० | - | ▶ | ▶ | - |
| बाजुरा | मोटा चामल | ५०.० | ४७.१ | ५३.८ | - | ▲ | ▲ | - |
| | गहुँको पिठो | ४५.० | -२.२ | -१९.६ | - | ▶ | ▼ | - |
| | सिमी | - | - | - | - | - | - | - |
| | मास | १४०.० | ७.७ | ७.७ | - | ▲ | ▶ | - |
| | मूसूरो | १४०.० | ७.७ | ७.७ | - | ▲ | ▶ | - |
| | रातो आलु | २०.० | -४२.९ | -२०.० | - | ▼ | ▼ | - |

यो बजार अवलोकन विश्व खाद्य कार्यक्रम, नेपालले कृषि व्यवसाय प्रवर्धन तथा बजार विकास निर्देशनालय, नेपाल उद्योग वाणिज्य महासंघ तथा उपभोक्ता हित संरक्षण मञ्चको संयुक्त सहकार्यमा तयार पारीएको हो । यो मूल्य तथा बजारको बिकास क्रम बारेमा समयानुकुल सूचना र पूर्व जानकारी प्रदान गर्नकोलागि गरीएको पहल हो ।खाद्य सुरक्षा अनुगमन तथा विश्लेषण प्रणाली द्वारा प्रकाशीत सम्पूर्ण सामाग्रीहरु NeKSAP को विद्युतिय ठेगाना http://groups.google.com/group/NeKSAP?hl=en मा हेर्न सकिनेछ अन्य जानकारीकोलागि सम्पर्क : खाद्य सुरक्षा अनुगमन तथा विश्लेषण इकाई, विश्व खाद्य कार्यक्रम, पाटन ढोका, ललितपुर, पो. ब. १०७, टेलिफोन : ५५४२६०७ –२४२–५

यो परियोजना युरोपियन युनियन अन्तर्गत खाद्य सहयोग कोषको सहयोगमा संचालित छ ।
यस बुलेटिनमा प्रकाशित विचारहरुले युरोपियन कमिसनको विचारहरुलाई प्रतिबिम्बित गर्दछ भन्ने कुनै जरुरी छैन ।